# हेटौंडा सडक बिस्तारका क्रममा प्रभावित घरहरुबाट निस्किएका काठको स्थानान्तरण तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०८२

मिति २०८२/१२/१६ गतेको माननीय मन्त्रीस्तरतको निर्णयबाट स्वीकृत

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
मकवानपुर, हेटौंडा
१६ चैत्र २०८२

प्रदेश सचिव

## परिच्छेद-१
## प्रारम्भिक

१ संक्षिप्त नाम र प्रारम्भः

(क) यस कार्यविधिको नाम "हेटौंडा सडक बिस्तारका क्रममा प्रभावित घरहरुको काठ स्थानान्तरण तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२" रहने छ ।

(ख) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागु भई २०८३ असार मसान्तसम्म रहनेछ ।

२ परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "उपमहानगरपालिका" भन्नाले हेटौंडा उपमहानगरपालिका सम्झनु पर्दछ।

(ख) "काठ" भन्नाले घरमा प्रयोग भएका काठजन्य सामग्री (ढोका, झ्याल, खम्बा, दलिन, कडी, फ्ल्याक लगायतका काठ आदि) बुझाउँछ।

(ग) "घरधनी" भन्नाले घरको कानूनी स्वामित्व वा प्रचलित कानून बमोजिम स्वामित्व पुष्टि भएको व्यक्ति बुझाउँछ।

(घ) "प्रभावित घर" भन्नाले सडक विस्तारका कारण आंशिक वा पूर्ण रूपमा भत्किएका वा भत्काउनुपर्ने घर, टहरा वा संरचना बुझाउँछ।

(ङ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको वन तथा वातावरण मन्त्रालयलाई बुझाउँछ।

(च) "सडक बिस्तार" भन्नाले हेटौंडा उप-महानगरपालिकाको वडा नं. १, २, ४, ८, ९, १० र १५ भित्र पर्ने रातोमाटे देखि बुद्ध चोक हुँदै राप्ती पुलसम्म र बुद्धचोक देखि सामरी पुल सम्मको राजमार्ग विस्तार सम्बन्धी आयोजना सम्झनु पर्दछ ।

प्रदेश सचिव

## परिच्छेद-२

## काठ ओसारपसार सम्बन्धी व्यवस्था

३. **काठ ओसारपसार सम्बन्धी व्यवस्थाः** सडक बिस्तारका क्रममा प्रभावित घरधनीलाई आफ्नो घरबाट निस्किएका प्रयोग योग्य काठ ओसारपसार गर्न पाउने अधिकार हुनेछ।

४. **सहयोग तथा समन्वयः** (१) डिभिजन वन कार्यालयले स्थानीय तहसँग समन्वय गरी आवश्यक प्राविधिक सहजीकरण गर्नेछ।

(२) अत्यन्त विपन्न, असहाय वा सामाजिक रूपमा जोखिममा परेका घरधनीलाई डिभिजन वन कार्यालयले उपलब्ध स्रोत साधनको सिमाभित्र प्राथमिकता दिई सहजीकरण गर्न सक्नेछ।

प्रदेश सचि

CamScanner

## परिच्छेद-३

## काठको स्वामित्व सम्बन्धी व्यवस्था

५. **काठको स्वामित्वः**(१) निजी घरबाट प्राप्त काठको स्वामित्व सम्बन्धित घरधनीमै रहनेछ।

(२) घरमा पहिलेदेखि प्रयोग भएको काठ ओसार पसार गर्ने क्रममा कुनै किसिमको राजश्व, शुल्क एवं दस्तुर बुझाउनु पर्ने छैन् ।

६. **स्वामित्व प्रमाणीकरणः** (१) सडक विस्तारको क्रममा प्रभावित घरधनीले ओसार पसार गर्नुपूर्व सम्बन्धित वडा कार्यालयको सिफारिस सहित सम्बन्धित डिभिजन वन कार्यालयमा देहायका आवश्यक कागजातहरू समेत संलग्न राखी निवेदन पेश गर्नु पर्नेछ।

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

ख) जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि,

ग) ओसार पसार गर्न चाहेको एकाघर वा सगोलको सम्बन्धित स्थानमा रहेको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि,

घ) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,

ङ) बसाईसराई गरी गएको भए बसाईसराईको प्रमाण पत्रको प्रतिलिपि,

च) नापी नक्साको प्रतिलिपि,

छ) ओसारपसारको प्रयोजन र गन्तव्य,

ज) नाता प्रमाणितको प्रतिलिपि,

झ) सम्भव भए सम्म घर भत्किनु अघि र भत्किए पश्चातको फोटो ।

(२) सम्बन्धित डिभिजन वन कार्यालय र सम्बन्धित वडा कार्यालयको जनप्रतिनिधिले संयुक्त रूपमा स्थलगत निरीक्षण गरी काठको विवरण प्रमाणीकरण गर्नेछ।

प्रदेश सचिव

## परिच्छेद-४

## काठको व्यवस्थापन

७. **काठको प्रयोग**:(१) प्राप्त काठ घरधनीले आफ्नै प्रयोजनका लागि प्रयोग गर्नु पर्नेछ।

(२) उक्त काठको स्वरुप र अवस्था सामान्यतया परिवर्तन गर्न हुँदैन । ढुवानीको क्रममा स्वरुप परिवर्तन गर्नुपर्ने भएमा वडा कार्यालयको प्रतिनिधीको रोहवरमा उत्पादित काठको प्राविधिकबाट प्रमाणित गर्नुपर्नेछ ।

प्रदेश सचिव

## परिच्छेद-५

## राजस्व तथा कानूनी व्यवस्था

८. राजस्व सम्बन्धी व्यवस्थाः(१) निजी घरबाट प्राप्त पुरानो प्रयोग भइसकेको काठमा कुनै पनि प्रकारको शुल्क वा राजस्व लाग्ने छैन।

(२) नयाँ काठ वा अवैध रूपमा थपिएको काठ फेला परेमा प्रचलित वन ऐन, नियमावली अनुसार कारबाही हुनेछ।

९. अनुगमन तथा कारबाहीः(१) यस कार्यविधिको कार्यान्वयनका लागि बागमती प्रदेशको वन निर्देशनालयले अनुगमन गर्न सक्नेछ।

(२) डिभिजन वन कार्यालयले मासिक रुपमा काठ व्यवस्थापनको प्रगति विवरण वन निर्देशनालय मार्फत मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(३) कार्यविधिमा उल्लिखित विषय यसै कार्यविधि बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

प्रदेश सचिव

## परिच्छेद-६

## विविध

१०. बाधा अड्काउ फुकाउने अधिकारः यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले निर्णय गरी त्यस्तो बाधा फुकाउन सक्नेछ।

११. प्रचलित कानून बमोजिम हुनेः यस कार्यविधिमा उल्लेख नभएका विषयहरू प्रचलित कानून बमोजिम हुनेछ।

प्रदेश सचिव